"हामी पौवादुङमाली,मानव विकास पूर्वाधारले ल्याउँछौ खुसीयाली"

# पौवादुङमा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

च्याङग्रे, भोजपुर
कोशी प्रदेश, नेपाल

पत्र संख्या:- ०८१/०८२
चलानी नं. :-

मिति :२०८२।०३।१०
ने.स. ११४५तछलागा चतुर्दशी

## रोजगार संयोजक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति:२०८२।०३।१०गते

पौवादुङमा गाउँपालिका रोजगार सेवा केन्द्रमा (राष्ट्रिय रोजगार कार्यक्रम) रिक्त रहेको रोजगार संयोजक एक (१) पदमा खुल्ला प्रतिस्पर्धाबाट करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१-रोजगार-२०८१।०८२ | रोजगार संयोजक | स्थानीय सेवाको छैटौं वा सो सरह | १ |

१. आवश्यक न्युनतम् शैक्षिक योग्यता र अनुभव:
(क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक वा सो सरह उतिर्ण गरेको।
(ख) दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।
(ग) आधारभूत कम्प्युटर सिप सम्बन्धि कम्तिमा तीन महिने तालिम लिएको।
२. दरखास्त दिने स्थान: पौवादुङमा गाउँ कार्यपालिकाको कार्यालय, च्याङ्ग्रे, भोजपुर।
३. दरखास्त दिने अन्तिम मिति: २०८२।०३।२४ गते (सार्वजनिक विदा परेमा दोस्रो दिन)।
४. आवेदन दस्तुर: रु १००० (एक हजार मात्र)
५. छनौटको किसिम: प्रारम्भिक योग्यता क्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा।
६. आवेदन साथ संलग्न कागजातहरु: आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमका कागजातहरु।
(क) नागरिकता प्रमाणपत्रको प्रतिलिपी,
(ख) न्युनतम् योग्यताको लब्धाङ्क प्रमाणपत्रको प्रतिलिपी,
(ग) चारित्रिक प्रमाणपत्र,
(घ) अनुभव भए सो को कागजात,
(ङ) पासपोर्ट साइजको फोटो दुई प्रति,
७. सेवा सुविधा तथा अन्य: रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धि मापदण्ड, २०७६ बमोजिम हुनेछ। (आवेदनको ढाँचा र रोजगार संयोजक पदको कार्यविवरण, पाठ्यक्रम, लगायत पदपूर्ति सम्बन्धि अन्य विस्तृत जानकारी राष्ट्रिय रोजगार कार्यक्रमको वेभसाइट **www.pmep.gov.np** तथा रोजगार सेवा केन्द्रबाट उपलब्ध हुनेछ।)

३।१०

.....................
नविन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

नविन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

website:www.pauwadungmamun.gov.np Email:pauwadungmamun@gmail.com Contact No:9852075800